सातै प्रदेशमा दीक्षान्त गर्दै त्रिवि

रुबी रौनियार
काठमाडौं, असोज २२

आगमी पुसमा हुने त्रिभुवन विश्वविद्यालय (त्रिवि) को दीक्षान्त समारोहमा यस वर्ष सबैभन्दा बढी व्यवस्थापन संकायका विद्यार्थी दीक्षित हुने भएका छन्। पछिल्लो समय त्रिवि व्यवस्थापन संकायमा समय-सान्दर्भिक र विश्व बजारसँग प्रतिस्पर्धा गर्न सक्ने कोर्स पठनपाठन हुँदै आएकाले विद्यार्थी आकर्षण बढेको हो।

यस वर्ष ९५ हजार ५ सय ४० विद्यार्थी दीक्षित हुने भएका छन्, जसमध्ये ४३ हजार एक सय ४२ अर्थात् ४५.१५ प्रतिशत विद्यार्थी व्यवस्थापनका छन्। विश्वविद्यालयको ६७औं वार्षिक दिवसका अवसरमा रजिस्ट्रार डा. रवीन्द्र शिवाकोटीले प्रस्तुत गरेको २०८२ असार १ देखि २०८३ असार मसान्तभित्र ६४औं ग्रेसलिस्टअनुसार कुल विद्यार्थी ९५ हजार ५ सय ४० रहेका छन्। विवरणअनुसार त्रिविमा अध्ययनरत विद्यार्थीमध्ये प्राविधिकतर्फ १५.१० प्रतिशत र साधारणतर्फ ८४.९० प्रतिशत रहेका छन्।

तथ्यांकमा विश्वविद्यालयका विभिन्न संकाय तथा अध्ययन संस्थानमा विद्यार्थी अध्ययनरत छन्। तीमध्ये व्यवस्थापन संकायमा सबैभन्दा धेरै ४५.१५ प्रतिशत विद्यार्थी छन्। त्यसपछि शिक्षामा २०.४४, मानविकी तथा सामाजिकशास्त्रमा १६.१६, विज्ञान तथा प्रविधिमा ७, इन्जिनियरिङ ५.४० , चिकित्सातर्फ २ प्रतिशत विद्यार्थी छन्। विवरणअनुसार संकायगत रूपमा व्यवस्थापनमा ४३ हजार १ सय ४२, शिक्षाशास्त्रमा १९ हजार ५ सय ३३ र मानविकी तथा सामाजिकशास्त्रमा १५ हजार ४ सय ६१ विद्यार्थी छन्। त्यस्तै विज्ञान तथा प्रविधिमा ६ हजार ६ सय ६८, इन्जिनियरिङमा ५ हजार १ सय ६०, कानुनमा ३ हजार ९, चिकित्साशास्त्रमा १ हजार ९ सय २०, कृषि तथा पशु विज्ञानमा ४ सय ६३ र वन विज्ञानमा १ सय ९२ विद्यार्थी रहेको विवरणमा उल्लेख छ। त्रिविमा एमफिल तहमा २ सय ५३ र विद्यावारिधि तहमा १ सय ९६ जना विद्यार्थी रहेको जनाइएको छ।

विश्वविद्यालयले प्रस्तुत गरेको विवरणमा विभिन्न तहमा ट्रान्सक्रिप्ट लिएका विद्यार्थीको संख्या पनि उल्लेख छ। स्नातक, स्नातकोत्तर, एमफिल, पिजिडिएस तथा विद्यावारिधि तहमा गरी ठुलो संख्यामा विद्यार्थीले ट्रान्सक्रिप्ट लिएको देखिन्छ। यसले त्रिविबाट प्रत्येक वर्ष ठुलो संख्यामा जनशक्ति उत्पादन भइरहेको देखाए पनि अध्ययनको ठुलो हिस्सा अझै साधारण विषयमा केन्द्रित रहेको देखाउँछ। तथ्यांकअनुसार स्नातकमा मात्र ७२ हजार ४ सय ४ अर्थात् एकतिहाइ हिस्सा (७५.७६ प्रतिशत) छन् भने माथिल्लो तहमा कम हुँदै गएको देखिन्छ। विश्वविद्यालयले प्राविधिक शिक्षातर्फ विद्यार्थीको आकर्षण बढाउनुपर्ने आवश्यकता देखिएको छ। रोजगारी बजारमा प्राविधिक तथा व्यावसायिक सिपको माग बढिरहेको अवस्थामा त्रिविका कुल विद्यार्थीमध्ये ८४.९० प्रतिशत साधारण शिक्षातर्फ हुनु विश्वविद्यालयको शैक्षिक संरचना र श्रम बजारबिचको सम्बन्धबारे पनि प्रश्न उठाउने आधार बनेको छ।

त्रिविको ६७औं वार्षिक दिवसका अवसरमा सार्वजनिक विवरणअनुसार आगामी दिनमा पनि विश्वविद्यालयले अनुसन्धान, प्राविधिक शिक्षा तथा रोजगारीसँग जोडिने कार्यक्रम विस्तार गर्नुपर्ने चुनौती देखिएको छ। 'हामी विश्वविद्यालयलाई विकेन्द्रीकरणको सिद्धान्तअनुसार सातै प्रदेशबाट दीक्षान्त समारोह गर्ने गरी तयारी अगाडि बढाएका छौं', रजिस्ट्रार डा. शिवाकोटीले सभामा भने, 'देशको ७८ प्रतिशत उच्च शिक्षाको भारवहन गरेको त्रिविमा करिब एक लाख विद्यार्थीको दीक्षान्त समारोह केन्द्रमा मात्र गर्न चुनौती थपिँदै गएको छ। यसकारण दीक्षान्तलाई प्राज्ञिक, मर्यादित र व्यवस्थित बनाउन सातै प्रदेशबाट यसपटक दीक्षान्त समारोह हुन्छ।'

चालु आर्थिक वर्षका लागि त्रिविको बजेट ३० अर्ब ८७ करोड ११ लाख प्रस्ताव गरिएको उनले बताए। उनका अनुसार सरकारको अनुदान गत वर्षभन्दा चार अर्ब घटेको छ। यसले त्रिविले पूरा गर्नुपर्ने शिक्षक कर्मचारीको तलब सेवासुविधा तथा प्रोत्साहन भत्ता व्यवस्थापनमा चुनौती थपिएको छ। यसकारण रजिस्ट्रार शिवाकोटीले विश्वविद्यालयका कुलपति एवं सहकुलपतिसँग अपुग रकम थप गर्न सभामै अनुरोधसमेत गरे। हुन त प्रस्तावित बजेट त्रिवि सभाबाट पारित भएको छ। यो बजेट चालु आर्थिक वर्षको तुलनामा ९.७७ प्रतिशतले वृद्धि गरिएको हो। त्रिविको प्रस्तावित बजेटमा विश्वविद्यालयले आफ्नै आन्तरिक स्रोतबाट १५ अर्ब २४ करोड २७ लाख ५ हजार रुपैयाँ जुटाउने लक्ष्य लिएको छ। यो कुल बजेटको ४९.३७ प्रतिशत हो। त्यस्तै नेपाल सरकारबाट १५ अर्ब ६२ करोड ८४ लाख ३ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ, जुन कुल प्रस्तावित बजेटको ५०.६२ प्रतिशत हो।

विश्वविद्यालयका नियमित कार्यक्रम, आन्तरिक कार्यक्रम तथा विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट बढाउँदै लगिएको छ। राष्ट्रिय सेवक शिक्षक तथा कर्मचारीको तलब वृद्धि तथा शतप्रतिशत वृद्धि भएको भत्तालगायतका कारण आगामी वर्ष विश्वविद्यालयको चालु दायित्वसमेत बढ्ने उल्लेख छ। प्रस्तावित बजेटमध्ये सञ्चालन खर्चतर्फ ६६.१४ प्रतिशत र पुँजीगत खर्चतर्फ १३.५६ प्रतिशत विनियोजन हुने प्रक्षेपण गरिएको छ। बाँकी रकम अन्य कार्यक्रम तथा शीर्षकमा खर्च हुने उनले जनाए।

अनुदान गत वर्षभन्दा ४ करोड घट्यो

त्रिविले आगामी आर्थिक वर्षका लागि नेपाल सरकारबाट प्राप्त हुने अनुदान ७ अर्ब ३१ करोड ६ लाख ५६ हजार रुपैयाँ उपलब्ध भएको छ। यो रकम गत आर्थिक वर्षमा सरकारबाट विनियोजन गरिएको रकमभन्दा करिब ४ अर्ब ८० करोड रुपैयाँ कम हो। 'सरकारबाट प्राप्त हुने अनुदान घट्दै जाने तर विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य अनिवार्य दायित्व बढ्दै जाने अवस्थाले त्रिविको वित्तीय व्यवस्थापनमा थप दबाब पर्ने छ', रजिस्ट्रार शिवाकोटीले सभाको ध्यानाकर्षण गराए, 'बजेट दस्ताबेजमा राष्ट्रसेवक शिक्षक तथा कर्मचारीका लागि तलब वृद्धि तथा प्रोत्साहन भत्ता व्यवस्थाबाट सिर्जना हुने दायित्वसमेत जोड्दा विश्वविद्यालयलाई ८ अर्ब ३१ करोड ७७ लाख ४७ हजार रुपैयाँ अपुग हुने छ। नपुग रकम उपलब्ध गराइदिन म केन्द्र सरकासँग अनुरोध गर्दछु।'

प्रविधिमैत्री विश्वविद्यालय बनाउन २१ करोड

त्रिविले शिक्षक तथा कर्मचारीलाई प्रविधिमैत्री बनाउँदै दक्षता अभिवृद्धिका लागि तालिम, सेमिनार तथा गोष्ठीका लागि २१ करोड ७७ लाख ८९ हजार रुपैयाँ विनियोजन गरेको छ। अनुसन्धान तथा विकासमूलक गतिविधिलाई पनि बजेटमा प्राथमिकता दिइएको छ। यसले त्रिविलाई परम्परागत शिक्षण प्रणालीबाट प्रविधि, अनुसन्धान र नवप्रवर्तनतर्फ लैजाने विश्वविद्यालयको नीति देखाउँछ। तर एकातिर ३० अर्बभन्दा बढीको बजेट प्रस्ताव गरिएको र अर्कातर्फ तलब-भत्ता तथा अनिवार्य दायित्वमै ठूलो रकम अपुग हुने प्रक्षेपण गरिएकाले त्रिविको आगामी बजेटको मुख्य चुनौती स्रोत व्यवस्थापन र खर्चको दिगोपना बन्ने देखिएको छ।

शिक्षामन्त्री एवं विश्वविद्यालयको सहकुलपति सस्मित पोखरेलले त्रिवि देशका सबै विश्वविद्यालयको अभिभावकको भूमिकामा रहेकाले आगामी दिनमा समाधानमुखी भूमिका खेल्न र उदाहरणीय बन्न आग्रह गरे। उनले मन्त्रालयमा त्रिविको मुख्य समस्या समयमा परीक्षा नसकिनु र नतिजा समयमा प्रकाशन नहुनु रहेकाले यसतर्फ ध्यान दिन उपकुलपति, रेक्टर र रजिस्ट्रारलाई सभामै निर्देशन दिए। 'सुदूरपश्चिमको हिमाली क्षेत्रदेखि कोसीको तराईका जिल्लासम्म त्रिविमा सम्बन्धन प्राप्त कलेज सञ्चालन छन्', मन्त्री पोखरेलले सभालाई सम्बोधन गर्दै भने, 'उच्च शिक्षामा त्रिविले लिने र खेल्ने भूमिका महत्वपूर्ण छ। मन्त्रालयमा त्रिवि परीक्षा र नतिजा प्रकाशनमा ढिलाइबारे थुप्रै गुनासा आएका छन्।' उनले जोड दिए, 'नतिजा एक महिनाभित्र प्रकाशन गर्न, शैक्षिक क्यालेन्डर व्यवस्थापन गर्न, समयमै पढाइ सक्न अब त्रिविले विकेन्द्रीकरणको बाटो अपनाउनुपर्‍यो। अधिकार स्थानीयमा प्रत्यायोजन गरेर भए पनि एक महिनाभित्र नतिजा प्रकाशन गर्नुपर्‍यो।'

उनले विश्वविद्यालय थिंकट्यांक भएकाले पढ्ने-पढाउने काम मात्र होइन अब राज्यले नीति निर्माण गर्दा हरेक क्षेत्रमा रचनात्मक भूमिका खेल्न विश्वविद्यालयसँग आग्रह गरे। 'हाल राज्यले शिक्षा ऐन बनाउँदै छ। पाठ्यक्रम प्रारूप तयार गर्ने क्रममा छ। सबै नीति ऐन नयाँ बनाउने क्रममा सरकार छ', मन्त्री पोखरेलले भने, 'तर विश्वविद्यालयको विज्ञताको प्रयोग हामीले गर्न नपाएको महसुस भएको छ।' उनका अनुसार शिक्षाको समस्या पहिचान र नीतिगत समाधान र समग्र शिक्षा क्षेत्र सुधारमा त्रिविको भूमिका महत्वपूर्ण हुन्छ।

त्रिविका उपकुलपति प्राडा भोला थापाले त्रिविमा जुनसुकै नियुक्तिमा पारदर्शिता र जवाफदेहिता कायम गर्ने बताएका छन्। उनले पारदर्शिता विश्वविद्यालयको महत्वपूर्ण पहिचान रहेको जनाउँदै पारदर्शितालेे विश्वविद्यालयमा सुशासन, निष्पक्षता, विश्वास र जवाफदेहिता कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए। उनले डिजिटल प्रणालीमार्फत परिवर्तनको दिशामा निर्णायक कदम चालिने बताए। 'डिजिटल प्रणालीको विकास र विस्तारसँगै विद्यार्थी, शिक्षक तथा कर्मचारीले आवश्यक सेवा सहजरूपमा प्राप्त गर्न सक्ने वातावरण निर्माण हुनेछ', उनले भने, 'यसले परम्परागत प्रक्रियामा रहेका जटिलता र ढिलासुस्ती घटाउँदै त्रिविलाई आधुनिक, प्रविधिमैत्री र उत्तरदायी विश्वविद्यालयका रूपमा रूपान्तरण गर्न महत्वपूर्ण योगदान पुर्‍याउनेछ।'

तयारी नपुग्दा महाधिवेशन लम्बियो

भुवन शर्मा
काठमाडौं, असोज २२



ढिलो मतदान थाल्दा राति मतदातालाई कठिनाइ हुने भएकाले शुक्रबार बिहान ७ बजेदेखि मात्रै मतदान सुरु गर्ने निर्णय गरिएको केन्द्रीय निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले जानकारी दिए।

नेपाली कांग्रेस २.० भित्रको आन्तरिक किचलो र तयारी अभावले १५औं महाधिवेशनअन्तर्गत नयाँ नेतृत्व चयनका लागि बिहीबार हुने भनिएको निर्वाचन शुक्रबारका लागि सारिएको छ। केन्द्रीय निर्वाचन समितिले तय गरेको पछिल्लो तालिकाअनुसार शुक्रबार बिहान ७ बजेदेखि निर्वाचन हुने छ। तयारी नपुगेकाले बिहीबार निर्वाचन हुन नसकेको निर्वाचन समितिले जनाएको छ। बिहीबारका लागि मतदान कार्यतालिका तय गरिएको भए पनि पटकपटक समय सारिएको थियो। आवश्यक तयारी पूरा नभएकाले बिहीबार मतदान हुन नसकेको निर्वाचन समितिका अधिकारीहरूले जनाएका छन्। मतपत्र छपाइ हुन नसक्दा बिहीबार निर्वाचन गर्न नसकिएको बताइएको छ।

वर्षा र प्राविधिक कारण देखाउँदै बिहीबार बिहान ७ बजेदेखि मतदान सुरु गर्ने कार्यतालिकालाई संशोधन गरिएको थियो। बिहान १० बजेका लागि सारिएको कार्यतालिका पुनः प्रभावित भयो। आवश्यक तयारी पूरा गर्न भन्दै मतदानको समय फेरि दिउँसो १ बजेका लागि निर्धारण गरियो। त्यसपछि पनि तयारी पूरा नभएको भन्दै फेरि दिउँसो ३ बजे सुरु गर्ने भनियो। सो समयमा पनि निर्वाचन सुरु हुन नसकेपछि अन्ततः प्राविधिक तथा व्यवस्थापकीय तयारी पूरा हुन नसकेको भन्दै निर्वाचन समितिले शुक्रबार बिहान ७ बजेदेखि मतदान गर्ने निर्णय गरेको हो।

महाधिवेशन असोज २२ गतेभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको थियो तर निर्वाचन प्रक्रिया निर्धारित समयभन्दा एक दिनपछाडि धकेलिएपछि महाधिवेशन प्रतिनिधिहरू काठमाडौंमा थप एक दिन बस्नुपर्ने भएको छ। उनीहरूका लागि आवास तथा खानपिन खर्च पार्टीले नै बेहोर्ने बताइएको छ। निर्वाचन समितिले बिहीबार साँझ मतपत्र छपाइको काम सम्पन्न भएको जनाएको छ।

महाधिवेशन प्रतिनिधिहरूलाई शुक्रबार बिहान ६ बजे नै निर्वाचनस्थलमा आइपुग्न भनिएको छ। ढिलो मतदान थाल्दा राति मतदातालाई कठिनाइ हुने भएकाले शुक्रबार बिहान ७ बजेदेखि मात्रै मतदान सुरु गर्ने निर्णय गरिएको निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले मिडिया ब्रिफिङमा जानकारी दिए। ब्रिफिङमा उनले उम्मेदवार र मतदाता धेरै भएका कारण मतपत्र छपाइमा ढिलाइ भएकाले शुक्रबार बिहान ७ देखि दिउँसो ३ बजेसम्म मतदान हुने बताए। महाधिवेशन प्रतिनिधिको संख्या सात हजार ३१७ रहेको निर्वाचन समितिले जनाएको छ।

निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले निर्वाचनका लागि आवश्यक सबै तयारी सबै सकिएको बताए। उनले महाधिवेशन प्रतिनिधिको सहजताका लागि विभिन्न मतदान केन्द्र तोकेको छ। प्रतिनिधिहरूले आफूलाई तोकिएको प्रदेश तथा समूहअनुसार सम्बन्धित मतदान केन्द्रमा पुगेर मतदान गर्नुपर्ने छ। समितिका अनुसार मतदान केन्द्र राष्ट्रिय सभा गृह र खुलामञ्चमा राखिएका छन्।

बागमती प्रदेशका लागि राष्ट्रिय सभा गृह, मतदान केन्द्र 'क' तोकिएको छ। मधेस प्रदेश, कोसी प्रदेश, लुम्बिनी कर्णाली, सुदुरपश्चिम, गण्डकी तथा नेपाली जनसम्पर्क समिति र भ्रातृ संस्थातर्फका प्रतिनिधिका लागि खुलामञ्चमा मतदात केन्द्र तय गरिएका छन्। निर्वाचन समितिका अनुसार महाधिवेशनमा सहभागी सात हजार २५५ जना महाधिवेशन प्रतिनिधिले नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि मतदान गर्ने छन्। महाधिवेशनले विधान संशोधन गर्दै कांग्रेसको केन्द्रीय कार्यसमिति २ ९७ सदस्यीय बनाएको छ। मतदान गर्नुअघि प्रत्येक प्रतिनिधिको परिचयपत्र तथा मतदाता नामावली रुजु गरिने छ। रुजु प्रक्रिया पूरा भएपछि मात्रै प्रतिनिधिलाई मतदान गर्ने व्यवस्था गरिएको निर्वाचन समितिले जनाएको छ। समितिले मतदानस्थलमा मोबाइल फोनलगायत निर्वाचन आचारसंहिताले निषेध गरेका सामग्री लिएर प्रवेश गर्न नपाइने जनाएको छ। प्रतिनिधिहरूले निर्वाचन समितिले तोकेको प्रक्रिया पूरा गरेर मात्रै मतदान गर्न पाउने छन्।

समाचार रेखा

सुदूरपश्चिममा बजेट सकस

धनगढी, असोज २२ (नागरिक)- बजेट प्रस्तुत गर्न भनेर बुधबार साँझ ५ बजे प्रदेशसभाको बैठक बोलाइएको थियो। सरकारले बजेटको तयारी गर्न सकेन। प्रदेश सरकारको आग्रहपछि प्रदेशसभा बैठक बिहीबार बिहान ८ बजेका लागि सारियो। बजेट बिहीबार पनि प्रदेश सरकारले ल्याउन सकेन। प्रदेश सरकारले फेरि सारिदिन आग्रह गरेकाले असोज २४ गते बिहान ८ बजेका लागि प्रदेशसभा बैठक सारिएको प्रदेशसभा सचिवालय देवबहादुर बोगटीले बताए।

'सरकारले बजेटको तयारी पूरा नभएकाले सार्न आग्रह गरेकाले असोज २४ गते बिहान ८ बजेका लागि सारिएको हो', उनले भने। बजेट प्रस्तुत गर्न बोलाइएको बैठक सरकारले बजेट प्रस्तुत गर्न तयार नै नभएपछि सार्नुपरेको उनको भनाइ छ।। बजेट विवाद उत्कर्षमा पुगेर पुरानो सरकार ढलेपछि मुख्यमन्त्री खगराज भट्टको नेतृत्वमा बनेको नयाँ सरकारका लागि पनि बजेटको विषय पेचिलो बन्न पुगेको छ। सत्तारुढ गठबन्धन नेकपा र नेकपा एमालेकै सरकारमा सहभागी मन्त्री तथा नेताबिच बजेटको विषयमा सहमति जुटाउन जटिल हुँदा बजेट ल्याउन भनेर आह्वान गरिएको प्रदेशसभा बैठक सरेको सच्चै छ। भने दसैं आउनै लाग्दासमेत बजेट शून्यताको अवस्थामा प्रदेश रहेको छ।

दसैं रमाइलो महोत्सव सुरु

भक्तपुर, असोज २२ (नागरिक)- विजया दशमीको अवसर पारेर भक्तपुरको सल्लाघारी खुला चौरमा 'भक्तपुर दसैं रमाइलो महोत्सव-२०८३' सुरु भएको छ। औद्योगिक मेला महोत्सव प्रतिष्ठान नेपालको आयोजनामा सञ्चालन भएको महोत्सवको बागमती प्रदेशका मन्त्री ज्ञानबहादुर तामाङले उद्घाटन गरेका हुन्।

उद्घाटन मन्तव्य राख्दै प्रमुख अतिथि बागमती प्रदेशका मन्त्री तामाङले ऐतिहासिक तथा सांस्कृतिक सहर भक्तपुरमा यस्ता महोत्सवले स्थानीय उत्पादनको बजारीकरण र अर्थतन्त्रलाई चलायमान बनाउन ठूलो सहयोग पुयाउने विश्वास व्यक्त गरे। उनले घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुहरूको बजारीकरणका लागि यस्ता मेला-महोत्सवहरू प्रभावकारी माध्यम बन्ने धारणा व्यक्त गरे। महोत्सवमा ५० भन्दा बढी स्टल रहनेछन्।

मेला परिसरमा रोटेपिङ, झुला र नाउ, मिनी बन्जी जम्प र वाटर बल, बालबालिकाका लागि मिकी माउस, ट्राम्पोलिन र बाल उद्यान जस्ता विविध मनोरञ्जनात्मक खेल राखिएका छन्। महोत्सव अवधिभर राष्ट्रिय तथा स्थानीय स्तरका चर्चित कलाकारको सांगीतिक प्रस्तुति, प्रहसन तथा खुला नृत्य प्रतियोगिता रहनेछन्। महोत्सवले यहाँको व्यापार, संस्कृति र पर्यटन प्रवर्द्धन गर्ने आयोजकको भनाइ छ। आयोजकका अनुसार मेला असोज ३० गतेसम्म सञ्चालन हुनेछ।

विन्ध्यवासिनीमा नवदुर्गा महोत्सव

पोखरा, असोज २२ (नागरिक)- पोखराको प्रसिद्ध धार्मिकस्थल विन्ध्यवासिनी मन्दिरमा बडादसैंका अवसरमा यस वर्ष पनि नवदुर्गा महोत्सव हुने भएको छ। विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको आयोजनामा घटस्थापनादेखि महानवमीसम्म नवरात्री विशेष कार्यक्रमको २०औं शृंखला हुने भएको हो। दसैंको पहिलो दिन अर्थात् घटस्थापनाको दिन पोखरामा झाँकीसहित शोभायात्रा निकालिने समितिले जनाएको छ। घटनास्थापनाको दिन आइतबार बिहान ७ बजे विन्ध्यवासिनी पार्कबाट सुरु भएको शोभायात्रा मोहरिया टोल, भैरवटोल, भीमसेनटोल, नालामुख, तेर्सापट्टी, पालिखेचोक, महेन्द्रपुल हुँदै चिप्लेढुंगा, सिद्धार्थचोक, रामकृष्णटोल, गणेशटोल, नालामुख, भैरवटोल हुँदै पुनः मन्दिरमै पुगेर समापन हुनेछ। मन्दिरमा सोही दिनदेखि श्रीमद् भागवत ज्ञान महायज्ञसमेत प्रारम्भ हुने अध्यक्ष श्रेष्ठले जानकारी दिए

हतियार बनाउने सामग्रीसहित पक्राउ

मोरङ, असोज २२ (नागरिक)- मोरङको लेटाङ नगरपालिका- ७ वारंगी कोलधारीस्थित एक घरबाट प्रहरीले भरुवा बन्दुक र हतियार बनाउने सामग्रीसहित एकजनालाई पक्राउ गरेको छ।

सोही ठाउँका पूर्ण लावती लिम्बूलाई भरुवा बन्दुकसहित बिहीबार पक्राउ गरिएको मोरङ प्रहरीका सूचना अधिकारी डिएसपी मकेन्द्रकुमार मिश्रले जानकारी दिए। उनका अनुसार लिम्बूले आफ्नै घरमा भरुवा बन्दुक बनाई बिक्रीवितरण गर्ने गरेको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय लेटाङ टोलीले उनको घरमा खानतलासी गरेको थियो।

अध्यागमन विभागको सूचना

अध्यागमन विभागबाट प्रदान हुने सेवालाई सुरक्षित, व्यवस्थित र प्रविधिमैत्री बनाउने उद्देश्य अनुरूप यात्रुहरूको आगमन तथा प्रस्थान विवरण नागरिक एपमार्फत प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।

यस व्यवस्थाबाट नेपाली नागरिकहरूले आफ्नो अन्तर्राष्ट्रिय आगमन तथा प्रस्थानसम्बन्धी विवरण (भ्रमण विवरण) प्राप्त गर्न विभागमा भौतिक रूपमा उपस्थित हुनु पर्ने वा भौतिक रूपमा निवेदन दिनुपर्ने बाध्यता हटेको छ।

विभिन्न संघ-संस्था तथा व्यक्तिहरूले यस विभागमा भौतिक रूपमा निवेदन दिई अन्तर्राष्ट्रिय आगमन तथा प्रस्थान विवरण प्राप्त गर्ने व्यवस्थाका कारण समयमा विवरण प्राप्त नहुने, विभागको कार्यबोझ बढ्ने र प्रक्रियागत झन्झट समेत व्यहोर्नुपर्ने अवस्थालाई दृष्टिगत गरी यस्तो व्यवस्था गरिएको हो।

उक्त विवरण प्राप्त गर्न सेवाग्राहीले आफ्नो स्मार्ट फोन (**Android/iOS**) मा रहेको नागरिक एपमार्फत "अध्यागमन (**Immigration**)" शीर्षकभित्र प्रवेश गरी "विवरण" मा जानुपर्नेछ। सोही माध्यमबाट नागरिक एपमा लिंक भएको राहदानीबाट नागरिकको विदेश भ्रमणको विवरण हेर्न तथा डाउनलोड गर्न सकिन्छ। यस सेवामार्फत सम्बन्धित व्यक्तिको लिंक भएको राहदानीको विवरण मात्र प्राप्त गर्न सकिने हुँदा व्यक्तिगत विवरण समेत सुरक्षित रहन्छ।

यसबाट सेवाग्राहीको समय र लागत बचत हुनुका साथै सेवा प्रवाह सहज र प्रभावकारी हुने विश्वास लिइएको छ। तसर्थ, यात्रा विवरण माग गर्ने व्यक्ति तथा संस्थाहरूले नागरिक एपबाट प्राप्त गरेको विवरणलाई आधिकारिक स्रोतका रूपमा प्रयोग गर्न सकिनेछ।

अध्यागमन विभाग
कालिकास्थान, काठमाडौं
सम्पर्क नम्बर: ०१-४५२९६६०
इमेल: info@nepalimmigration.gov.np

सप्तकोशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसी चोक, सप्तरी, मधेश प्रदेश, नेपाल

दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मितिः २०८३।०६।२३

यस कार्यालयबाट मिति २०८३।०५।१८ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार आव्हान गरिएको Supply and Delivery of Medicine (ठेक्का नं.: SM/Goods/SQ/01/2)2083/084) सम्बन्धी सिलबन्दी दरभाउपत्र खरिद प्रक्रियामा सहभागी भई दर्ता हुन आएका दरभाउपत्रहरूको मूल्याङ्कन समितिको मूल्याङ्कन प्रतिवेदन तथा सिफारिस बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा (५) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (१०) बमोजिम तपसिल अनुसारको सारभूत रूपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गर्ने निर्णय गरिएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

आयोजनाको नाम	**Supply and Delivery of Medicine**
ठेक्का नं.	**SM/Goods/SQ/01/2083/084**
प्रस्ताव स्वीकृतिका लागि छनोट भएको फर्म	श्री मुक्तिनाथ मेडिको फर्मा, महालक्ष्मी न.पा.-५, ललितपुर
कबोल रकम (मू.अ.कर बाहेक)	रु.१५,०८,९८०।०६

बोधार्थ:

१. प्रक्रियामा सहभागी अन्य सम्पूर्ण दरभाउपत्रदाताहरू: डालीमा मेडीसेल्स प्रा.लि. (काठमाडौं), सुविसु मेडिसिन सप्लायर्स (काठमाडौं), हलेशी मेडिसिन सप्लायर्स (ललितपुर), जेनिषा मेडिको (विराटनगर), हेल्पिङ मल्टिपर्पोज प्रा.लि. (काठमाडौं), प्रमित फार्मेसी (ललितपुर), आदित्य इन्टरनेशनल (जनकपुर), फिगो मेडिसिन सप्लायर्स (काठमाडौं), चुनचुन फार्मेसी (पोखरा), सुपर मेडिसिन सप्लायर्स (पोखरा), चिराग फार्मेसी प्रा.लि. (पोखरा), सन मेडी केयर (सप्तरी), जयन्त फार्मेसी एण्ड सप्लायर्स (सप्तरी)।

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal
Ministry of Infrastructure Development
Department of Urban Development and Building Construction
Office of Federal Urban Development and Building Construction
Babarmahal, Kathmandu

Re-Invitation for Sealed Quotation for

Hiring of 4WD Double Cab Mid-Size Body on frame SUV Vehicle (Jeep)
Date of Second publication: 2083/06/23 (9th October, 2026)
Date of first publication: 2083/06/15 (1st October, 2026)

Office of Federal Urban Development and Building Construction (FUDBC), Kathmandu invites Sealed Quotation (Hard Copy) from eligible firm/company for procurement of following service under Sealed Quotation bidding procedure as per Section 40 of Public Procurement Act 2063.

S.N	Contract No.	Description of Service	Total Estimate (Including PS and without Contingence & VAT) NRs.	Bid Document Fee NRs.	Bid Security NRs.	Bid Validity Period/ Bid Security Validity Period	Last date of Bid Purchase	Last date of Bid Submission	Bid Opening Date
1	FUDBC/ KTM/ SQ/ WORKS-02/ 083/84	Hiring of 4WD Double Cab Mid-Size Body on frame SUV Vehicle (Jeep)	1214928.00	1000	30000.00	45/75 days	2083/06/29 (2026/10/15) Office Hours	2083/06/30 (2026/10/16) 12:00 PM	2083/06/30 (2026/10/16) 1:00 PM

- Information to deposit the cost of Bidding Document fee:
  Name of Bank: Rastriya Banijya Bank
  Name of Office: Office of Federal Urban Development and Building Construction, Kathmandu Office, Office Code no.: 337063511, Account no.: 1000200010000, Rajaswa (revenue) Shirshak no.: 14229
- If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
- Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **Office of Federal Urban Development and Building Construction, Babarmahal, Kathmandu*; mailing address*- dudbc.piu3@gmail.com.**

Office Chief